# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७९

## आँबुखैरेनी गाउँपालिका

## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४४ मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
आँबुखैरेनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले आँबुखैरेनी गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.२ करोड ७ लाख ४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.३ लाख ५० हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २२ लाख ३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू.९६ लाख ४९ हजार र नियमित गर्नुपर्ने रू.८५ लाख २ हजार रहेको छ । पालिकाको गतवर्ष रु. १० करोड ३९ लाख ८९ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १० करोड ६० लाख ६१ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाँउपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

आँबुखैरेनी गाउँपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३० | ४५ | २०७०४ | ० | २ | ३५० | ३० | ४३ | २०३५४ | २२०३ | ८५०२ | ९६४९ | ० | ० | १८१५१ | ० |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | १०३९८९ | ० | १८२८२ | ८५७०७ | ० | २०३५४ | १०६०६१ |

**पुनश्चः** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : आँबुखैरेनी गाउँपालिका, तनहुँ , आबुखैरेनी गाउँपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोपिकृष्ण अर्याल | २०७८-१०-५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | विष्णु प्रसाद पोखरेल | २०७७-५-१४ | |
| लेखा प्रमुख | तेजन गैह्रै | २०७७-९-२७ | |
| लेखा प्रमुख | टेकनाथ पराजुली | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | २०,७०४,१२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १४,६१,८१,७६० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७,९३,५६,००० | **चालु खर्च** | २५,१२,१२,५७५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१२,२८,००० | **पूँजीगत खर्च** | १६,०८,१७,६९८ |
| **राजश्व बाँडफाँट** | ५,७४,०७,५१७ | **वित्तीय/अन्य व्यवस्था** | ६,२९,१०,०४५ |
| **आन्तरिक आय** | ८,११,०४,१४२ | | |
| **अन्य आय** | ५,३७,२९,७८९ | | |
| **कुल आय** | ४९,२८,२५,४४८ | **कुल खर्च** | ४७,४९,४०,३१८ |
| **बाँकी मौज्दात** | | १६,४०,६६,८८९ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस आबुखैरेनी गाउँपालिकाकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकोे उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३५सभा सदस्य, १२८ वर्ग किलोमिटर क्षेत्रफल तथा २०७६८ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरिक्षण<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ ।</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरिक्षणको क्रममा असुली<br><br>लेखापरीक्षको क्रममा पारीश्रमिक कर रु १७२८० दाखिला भएको छ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तिय विवरण<br>
<table>
<tr><th colspan="5">प्राप्तीभुक्तानी हिसाव</th></tr>
<tr><th rowspan="2">विवरण</th><th rowspan="2">टिप्पणी</th><th colspan="3">यस वर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैलेगरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td></td><td>४८५५९२५४९</td><td>४६६५७३४८१</td><td>४६६५७३४८१</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td></td><td>४७२८६००२५</td><td>४३९३९५६६०</td><td>४३९३९५६६०</td></tr>
<tr><td>११००० कर</td><td>११</td><td>८०३५३५५०</td><td>७२४९७७४५</td><td>७२४९७७४५</td></tr>
<tr><td>१३००० अनुदान</td><td></td><td>३१५८७४४५०</td><td>३००८८४०००</td><td>३००८८४०००</td></tr>
<tr><td>संघीय सरकार</td><td>१२</td><td>२८७९८८०००</td><td>२७९३५६०००</td><td>२७९३५६०००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>१२</td><td>२७१११०००</td><td>२१२२८०००</td><td>२१२२८०००</td></tr>
<tr><td>जनसहभागिता</td><td></td><td>७७५४५०</td><td>३०००००</td><td>३०००००</td></tr>
<tr><td>१४००० अन्य राजस्व</td><td></td><td>७६६३२०२५</td><td>६६०१३९१५</td><td>६६०१३९१५</td></tr>
<tr><td>ख. अन्य प्राप्ति</td><td></td><td>१२७३२५२४</td><td>२७१७७८२१</td><td>२७१७७८२१</td></tr>
<tr><td>कोषहरु</td><td></td><td>१२७३२५२४</td><td>२१७७३३५७</td><td>२१७७३३५७</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>५४०४४६४</td><td>५४०४४६४</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| भुक्तानी (ग+घ) | | ५६५५९२५४९ | ४१४६९५२६५ | ४१४६९५२६५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५५२८६००२५ | ४१२०३०२७४ | ४१२०३०२७४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ४१६०१००० | ३६०३९९७२ | ३६०३९९७२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४३१०८५७५ | ९५१४५५५६ | ९५१४५५५६ |
| २५००० सहायता (Subsidy) | १८ | ११८१४४००० | ११४६१९२५५ | ११४६१९२५५ |
| २७००० सामाजिक सुरक्षा | १८ | ४७७३००० | ३७२२२०० | ३७२२२०० |
| २८००० अन्य खर्च | १८ | ४४००००० | १६८५५९४ | १६८५५९४ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४०८३३४५० | १६०८१७६९८ | १६०८१७६९८ |
| घ. अन्य भूक्तानी | | १२७३२५२४ | २६६४९९१ | २६६४९९१ |
| कोषहरु | | १२७३२५२४ | २९१२५२१ | २९१२५२१ |
| धरौटी | | ० | १०२६५४६ | १०२६५४६ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१२७४०७६ | -१२७४०७६ |
| ङ. यो वर्षको बचत (न्युन) | | -८०००००० | ५१८७८२१६ | ५१८७८२१६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३०३९०८२८ | १३०३९०८२८ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | -८०००००० | १८२२६९०४४ | १८२२६९०४४ |
| | | | | |
| बैंक तथा नगद बाकी | २४ | | १९९०६४०६५ | १९९०६४०६५ |

अन्तरसरकारी वित्तय हस्तान्तरण तर्फको विवरणः

| **आम्दानी शिर्षक** | **रकम रु** | **खर्च।निकासा** | **रकम रु** |
|---|---|---|---|
| शिक्षा विकास निर्देशनालय | ५०००००० | शिक्षा विकास निर्देशनालय | ५०००००० |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५७३१३१ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १५७३१३१ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | ४६७२८००५ | सामाजिक सुरक्षा तथा संरक्षण | ४६७२८००५ |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४८८५६५३ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४८८५६५३ |
| जम्मा | ५३७२९७८९ | जम्मा | ५३७२९७८९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तिय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमादेहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।<br>· पालिकाले पेश गरेको विवरण अनुसार वर्षान्तको वास्तविक अन्तिम मौज्दात रु.१६४०६६८८९।०० भएकोमा सुत्रको वित्तिय प्रतिवेदनमा रु.१९९०६४०६५।११ देखिन्छ। तसर्थ सुत्रको वित्तिय प्रतिवेदनले यथार्थ अवस्था चित्रण गर्दैन।<br>· पालिकाले गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा गत वर्षको मौज्दात रु.८२२५५६५५।०० देखिएकोमा मौज्दातमा समावेश नभएको वैक खाताको वेरुजु रकम सञ्चित कोषमा ट्रान्सफर गरेको कारण गत वर्षको जिम्मेवारी रकम १४६१८१७६०।७२ सारेको देखिन्छ।सुत्रको वित्तिय प्रतिवेदनमा गत जिम्मेवारी सारेको रु१३०३९०८२७।०० देखिएकोले वित्तिय प्रतिवेदनले यथार्थ अवस्था चित्रण गर्ने अवस्था छैन।<br>· पालिकाको गत वर्षको धरौटी मौज्दातलाई जिम्मेवारी सार्नुपर्नेमा गत वर्षको मौज्दात रकम रु.३२१७६४९।०० लाई यस वर्षको आम्दानी भनी प्रविष्टी गरेको कारण धरौटी विवरणमा गत वर्षको जिम्मेवारी शुन्य देखिन्छ।<br>· पालिकाले धरौटी फिर्ता म्यानुअल भौचर उठाई फिर्ता गरेको कारण वास्तविक फिर्ता रु२६८६२५५।६० भएता पनि सुत्रको वित्तिय प्रतिवेदनमा रु.१०२६५४६।०० मात्र धरौटी फिर्ता देखिन्छ। पालिकाले सम्पुर्ण खर्चलाई सुत्रमा प्रविष्टी गरी भुक्तानी गर्नुपर्दछ।<br>· पालिकाले पेश गरेको विवरण अनुसार विविध खर्च खाताको आम्दानी तथा खर्च सञ्चित कोषमा नदेखिने भएकोले सञ्चित कोषको वित्तिय विवरणमा सो लाई समेटीएको पाइएन।<br>· पालिकाको विविध खर्च खातामा औधोगिक ग्रामको निकासा दोहोरो प्रविष्टी भएको कारण वैक मौज्दात रु.९६१८३४२।०० रहेकोमा सुत्रको वित्तिय विवरणमा रु.१८८६०८३६।०० देखिएको छ। हिसाव मिलान गरी श्रेस्ता र वैक मौज्दात मिलान गर्नुपर्ने देखिन्छ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **वैक हिसाव मिलान नगरेकोः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण फरक पर्न गएको देखिन्छ ।आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि समेत चेक साटिएको कारण असार महिनाको वैंक मौज्दात सँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्यावधिक गर्नुपर्दछ । | |
| ७ | | | **आन्तरिक नियन्त्रणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वियनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,<br>· गाउँपालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको<br>· जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २053 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन**,** २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय**,** अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>· सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्नुपर्नेमा कार्यलयले गाडी भाडामा संकलन भएको भाडाकर, ढुवानीमा असुल भएको वहालकर आदिलाइ समेत आन्तरीक आम्दानीमा राखेकोमा उक्त कर संघीय सरकारको संचितकोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगतनराखेकोकारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· आर्थिक कार्यबिधि तथा वित्तिय उत्तर दायित्व नियमावली बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिनर कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २५७६०००० | १५९८५९८० | ६२.०६ |
| सामाजिक क्षेत्र | २०१०८२००० | १७८४१८२९४ | ८८.७३ |
| पूर्वाधार विकास क्षेत्र | २०४३७१४५० | १२६६१८३४७ | ६१.९६ |
| वातावरण तथा विपद् व्यवस्थापन | २७००००० | १९१३०१० | ७०.८५ |
| संस्थागत विकास र सेवा प्रवाह | १५६००००० | २३११०७९ | १४.८१ |
| वित्तीय व्यवस्थापन र सुशासन | ३७२६००० | ३०४७०५९ | ८१.७७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०१९४५५७५ | ८५४४९००६ | ८३.८२ |
| जम्मा | ५५२८६००२५ | ४१२०३०२७४ | ७४.५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा लागु नभएकोः**<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |
| १० | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ७७ प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ | |

| बजेट उपशीर्षक | कुल खर्च | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| पुँजिगत खर्च | १६०८१७ | १००४२ | २६५३७ | १२४२३८ | ७३५०३ |
| खर्चको प्रतिशत | १०० | ६.२४ | १६.५ | ७७.२६ | ४५.७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता ७५८वटा, नाता प्रमाणित २८७वटा, घरवाटो शिफारिश ६३८वटा, नागरीकता शिफारिश ६३८वटा र अन्य ३४७२वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| १२ | | | **न्यायिक समितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३र यो बर्ष थप भएको १७गरी कुल २०विवाद दर्ता भएकोमा १६वटा मात्र फछ्र्यौट भई ४ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | **योजना छनौट तथा कार्यन्वयनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | २४ | १८००००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | १२८ | ५१२०००००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | २६ | २०८०००००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १५ | ४५००००००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | १० | ७५००००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएकोः<br>आयकर ऐन, २०५८ को दफा ९० मा करकट्टी गरेको रकम महिना समाप्त भएको मितिले २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ। तर पालिकाले देहायको कर कट्टा गरेकोमा लेखापरीक्षण अवधिसम्म समेत दाखिला गरेको छैन। उक्त रकम दाखिला गर्नुपर्ने रु...
<table>
<tr><th>शि नं</th><th>शीर्षक</th><th>डेबिट</th><th>क्रेडिट</th><th>तिर्न वाँकी मौज्दात</th></tr>
<tr><td>१</td><td>अग्रिम आय कर</td><td>२८११०१९</td><td>३२४७५४२</td><td>४३६५२३</td></tr>
<tr><td>२</td><td>सामाजिक सुरक्षाकर</td><td>७७६२४६</td><td>८२७७२०</td><td>५१४७४</td></tr>
<tr><td>३</td><td>मुल्य अभिवृद्धी कर</td><td>३२०९०५१</td><td>३९९५१३०</td><td>७८६०७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७९६३१७</td><td>८०७०३९३</td><td>१२७४०७६</td></tr>
</table></td><td>१,२७४,०७६</td></tr>
<tr><td>१५</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्चः<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.२२ लाख ३० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>खाना तथा विविध खर्चः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ७६ लाख खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>करार कर्मचारीः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयले भुक्तानी गरेको २०७८ असार महिनाको तलव भुक्तानी विवरण अनुसार ५४ जना कर्मचारी करारमा राखी मासिक रु.७७६५००।०० का दरले वार्षिक रु.१००९४५००।०० खर्च लेखेको छ ।कार्यालयले सेवा करारमा राख्न नमिल्ने पद इन्जिनियर १ जना, सव इन्जिनियर २ जना, कार्यालय साहायक पाचौ ३ जना, कार्यालय साहायक चौथो २ जना, ना प्र स पदमा १ जना, कार्यालय साहायक ६ जना करार नियुक्ति गरी तलव भत्ता खर्च लेखेको देखिन्छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी पदपुर्ती गर्ने पदमा स्थायी पदपुर्ती गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **कर्मचारी कल्याण कोषः**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.७ लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| १९ | | | **करारका कर्मचारीलाई अतिरिक्त सुविधाः**<br>साविक सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव, पोषाक तथा चाडपर्वको रकम मात्र दिन मिल्ने उल्लेख गरेको छ । कार्यालयले करार सेवामा कार्यरत कर्मचारीलाइ शुरु तलव स्केलका अतिरिक्त महंगी भत्ता समेत दिएको देखिन्छ भने असार महिनाको तलव भत्ता विवरण अनुसार मासीकरु ३००० देखि ५००० को को दरले वार्षिक रु २४६००००।०० खाजा भत्ता वापत समेत भुक्तानी गरेको देखिन्छ ।उक्त रकम नगरपालिकाको निर्णय अनुसार भुक्तानी भएको देखिन्छ । कानुनी आधार वेगर पटके निर्णयका आधारमा यसरी भत्ता दिनु नियमसंगत देखिएन। | |
| २० | | | **कर्मचारी प्रोत्साहन भत्ताः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले सभावाट निर्णय गरी यो बर्ष७८ जना कर्मचारीलाइ खाजा भत्ता भनि मासीक रु ३००० देखि ५००० को दरलेवार्षिक रु.३६१३२००।०० भुक्तानी दिएको देखियो । प्रोत्साहन वापत खाजा भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। | |
| २१ | | | **पदाधिकारी खाजा भत्ताः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेकोमा पालिकाले १४ जना पदाधिकारीलाई मासिक रु.५०००।०० का दरले १२ महिनाको रु.८४००००।०० खाजा भत्ता उपलव्ध गराएको देखिन्छ। । ऐनको सुविधा विपरीत हुने गरी दिएको खाजा भत्ता दिएको कारण पालिकालाई अतिरिक्त व्ययभार थपिएको रु | ८४०,००० |
| २२ | 347 | २०७७-९-१७ | **पदाधिकारी पोषाक भत्ताः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा पाउने सुविधाको व्यवस्था रहेको तथा दफा १४ मा पदाधिकारीले यस ऐनले निर्धारण गरेको वाहेक अन्य सुविधा नपाउने व्यवस्था रहेकोमा पालिकाले ३४ जना पदाधिकारीलाई रु.१००००।०० का दरले पोषाक भत्ता उपलव्ध गराएकोले कानुनवमोजिम तोकिएको सुविधा भन्दा वढी सुविधा भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु. | ३४०,००० |
| २३ | 157/158 | २०७७-७-४ | **पदाधिकारी विमा वढी भुक्तानीः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीलाइ मासीक रुपमा पाउने सुविधाको व्यवस्था रहेको र उक्त सुविधा अन्र्तगत ३१ जना पदाधिकारीको विमा रकम रु.३१००००।०० लाइफ इन्स्योरेन्स कर्पोरेशनलाई भुक्तानी गरिएकोमा विमा अभिलेख परीक्षण गर्दा ३० वटा मात्र भएकोले १ जनाको वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | १०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले तपसिल वमोजिमको रु ।०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु.... | १,०४३,०८८ |

| भौ नं | कायम खर्च शिर्षक | खर्चगरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ८९ | सेवामुलक सस्थालाई सस्थागत साहयता | कम्प्युटर खरिद | १४५२०५ |
| १४२ | कार्यक्रम खर्च | कर्मचारी वैठक भत्ता | ८५००० |
| २६९ | कृषि तथा पशुस्वास्थ्य समावेशिकरण | खेलकुद सामाग्री वितरण | ७७२६९ |
| ६८१ | कृषि तथा पशु स्वास्थ्य समावेशिकरण | अक्लाङ्ग सामुदायिक भवन उ स | १८७२४३ |
| ६८६ | कृषि तथा पशु स्वास्थ्य समावेशिकरण | अक्लाङ्ग वालविकास केन्द्र | २५८३१७ |
| ७९६ | लैगिक हिंसा सम्वन्धि कार्यक्रम | वरादी कृषि सडक निर्माण | १५९२५४ |
| ८०३ | पारिश्रमिक कर्मचारी | शिक्षक तलव भत्ता मित्रता मा वि | १३०८०० |
| | | | १०४३०८८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आर्थिक सहायताः**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलब्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा विपन्न वर्ग राहात कार्यक्रम शिर्षकवाट रु.४ लाख ४० हजार आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। | |
| २६ | 851 | २०७८-३-२२ | **वढी दरमा वैठकभत्ता भुक्तानीः**<br>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७६ को अनुसूचीमा पदाधिकारीले पाउने वैठक भत्तामा प्रतिव्यक्ती प्रतिवैठक रु.१०००।०० तोकिएकोमा पालिकाले सभा सञ्चालन खर्च सरोजचन्द्र अधिकारीको पेश्की फछ्यौट गर्दा ३५ सभाका सदस्यालाई २ वैठकको प्रतिवैठक रु.१५००।०० का दरले भुक्तानी गरेकोले कर कट्टी पश्चात वढी भुक्तानी भएको रकम रु २९७५०।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | २९,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | 219 | २०७७-७-२७ | **जिन्सी सामाग्रीको प्रमाण नभएकोः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई आएको सम्पती तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पती तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी वाँधि लगत अद्यावधिक गर्नु गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले भौ नं २१६,२०७७।०७।२७ वाट ओप्पो एफ १७ प्रो मोवाइल खरिद गरी भुक्तानी भएकोमा सोको जिन्सी दाखिला नभएको र कार्यालयमा मोवाइल समेत नभएकोले कार्यालयमा सामान प्राप्त भएको सुनिश्चितता हुने प्रमाण समेत जिन्सी दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रु | ४४,००० |
| २८ | | | **कृषि अनुदानतर्फ देखिएका व्यहोरा निम्नानुसार रहेका छन।** | |
| २८.१ | | | **कृषि अनुदानः** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन। | |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १०९ | वडा नं २ मा विउविजन खरिद तथा वितरण | १५०१८० |
| १२२ | वडा नं ३ मा विउविजन खरिद तथा वितरण | १४९०५० |
| १५९ | वडा नं १ मा विउविजन खरिद तथा वितरण | ५०००० |
| २३९ | वडा नं १ मा जौ घाँसको विउ वितरण | ९८७०० |
| २४० | वडा नं १ मा तोरि विउ वितरण | ९७९६० |
| २९१ | वडा नं२ मा वेमौसमि तरकारी विउ वितरण | १४९८२० |
| ३१६ | वडा नं ६ मा वेमौसमी तरकारी विउ वितरण | १९८७५० |
| ४८० | वडा नं ५ मा किवि विरुवा वितरण | २८०५०० |
| ७१९ | वडा नं २ मा तरकारी खेती कार्यक्रम | १९८८०८ |
| ७३१ | वडा नं ६ मा धानको विउ वितरण | २००००० |
| ७३९ | टनेल निर्माण पौवा एकिकृत उत्पादन कृषक समुह | २००००० |
| ७६७ | मौरीघार वितरण तथा तालिम | २९८४०० |
| ७७९ | कागती विरुवा वितरण | १००००० |
| ७८० | वडा नं २ मा फलफुल विरुवा वितरण | २२०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | |
|---|---|---|
| ७८१ | वडा नं३ मा फलफुल विरुवा वितरण | ३००००० |
| ७८५ | वडा नं ६ मा फलफुल विरुवा वितरण | ४९२७८० |
| ८३७ | वडा नं १ मा फलफुल विरुवा वितरण | ९७५१५ |
| ८४० | वडा नं१ मा माछाका भुरा वितरण | ९०५०० |
| ६ | जै घाँस र वरसिम घाँस ५० प्रतिशत अनुदान | १४८००० |
| ११ | आलुको विउ ५० प्रतिशत अनुदान | ५०००० |
| १३ | औषधि विषादि ७५ प्रतिशत अनुदान | ८०००० |
| १७ | वर्षे तरकारी ५० प्रतिशत अनुदान | ८०००० |
| २१ | मकैको विउ ५० प्रतिशत अनुदान | ४४५०० |
| २६ | धानको विउ ५० प्रतिशत अनुदान | १००००० |
| २९ | डालेघाँस वितरण १०० प्रतिशत अनुदान | १८१२८० |
| ३१ | प्याकेजिङ्गको लागी क्रेट ७५ प्रतिशत अनुदान | १५४६६२ |
| ३२ | कृषि सामाग्री ५० प्रतिशत अनुदान | १७८६९८ |
| ३९ | माछा पोखरी ५० प्रतिशत अनुदान | ७५००० |
| ३९ | मासु पसल सुधार ५० प्रतिशत अनुदान | १५०००० |
| ४७ | डिपिङ ट्यांक खरिद ५० प्रतिशत अनुदान | ८०००० |
| ४३ | गोठ सुधार कार्यक्रम ५० प्रतिशत अनुदान | ५००००० |
| ४५ | च्यापकटर खरिद ५० प्रतिशत अनुदान | १३४९९९ |
| पुजिगत कृषि ९ | कृषि यान्त्रिकरण कार्यक्रम ५० प्रतिशत अनुदान | ९६७५०० |
| | जम्मा | ६२९७६०२ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (क) अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>(ख) कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ।<br>(ग) अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन।साथै सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन<br>(घ) पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा पालिकावाट सञ्चालन गरेको भएता पनी कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ।साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतीको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ। | |
| २८.२ | | | २३९।२०७७।०८।०७ सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तयार गरेको दर प्रयोग गर्नुपर्दछ ।पालिकाले वडा नं १ मा जौ घाँसको विउ ७०० के जि वितरण गरेकोमा इशानेश्वर विज भण्डारलाई प्रतिकेजि १२० मा खरिद गरी रु.८४०००।०० भुक्तानी गरेको छ।जौ घाँसको जिल्ला दररेट रु.६०।०० भएकोले जिल्ला दरभन्दा वढी दरमा खरिद गरी वढी भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु | ४२,००० |
| २९ | | | **कोभिड १९ तर्फ देखिएका व्यहोराहरुः** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>कोभिड १९ आम्दानी र खर्चको विवरण देहायवमोजिम रहेको छ।
<table>
<tr><td>बजेट/आम्दानीको स्रोत</td><td>रकम</td><td>खर्च शीर्षक</td><td>रकम</td></tr>
<tr><td>संघीय सञ्चित कोषबाट</td><td></td><td>राहात वितरण</td><td></td></tr>
<tr><td>गत वर्षको जिम्मेवारी</td><td>१८४०७५९</td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन</td><td>१४२५०००</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>१००००००००</td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>२७५९२४५</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td>१०००००००</td><td>जनशक्ति परिचालन</td><td>९७२८९३</td></tr>
<tr><td>प्रदेश कोभिड कोषबाट</td><td>५००००००</td><td>औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद</td><td>१२८७८३७</td></tr>
<tr><td>अन्य स्रोतबाट प्राप्त</td><td>२५७२५०</td><td>स्वास्थ्य पूर्वाधार निर्माण</td><td></td></tr>
<tr><td>.कोरोना रोकथाम तथा नियन्त्रण कोष म्यानुअल खाता</td><td>१२५०००</td><td>विमा रकम भुक्तानी लगायतको खर्च</td><td>१२५०००</td></tr>
<tr><td></td><td></td><td>बाँकी</td><td>७१५३०३५</td></tr>
<tr><td>जम्मा</td><td>१३७२३००९</td><td>जम्मा</td><td>१३७२३००९</td></tr>
</table></td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>कोरोना कोष वाहिरवाट खर्चःकोरोना भाइरस (COVID-19) सम्वन्धी क्वारेण्टाइन सञ्चालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ को दफा ११ (१) मा आर्थिक व्यवस्थापन अन्तर्गत क्वारेण्टाइनको संचालन तथा व्यवस्थापनका निमित्त आवश्यक पर्ने रकम कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचार कोषबाट व्यहोरिने उल्लेख छ तर यस पालिकाले चालु खर्चको कोरोना भाइरस नियन्त्रण तथा व्यवस्थापन र कोरोना भाइरस रोकथाम तथा नियन्त्रण शिर्षकवाट रु.४८०२९५८।०० खर्च गरेको छ ।पालिकाले मापदण्डको व्यवस्था अनुसार खर्च लेखाङ्कन गर्नुपर्दछ।</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **खर्चको विल भरपाई नभएकोः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले भौ नं ५५ वाट जाली खरिद गरी मुस्ताङ जि वाई वायर इण्ड्रष्ट्रिज सप्लायर्सलाई रु ४९५८७९।०० भुक्तानी गरी खर्च लेखेकोमा उक्त जाली कहाँ प्रयोग भएको हो सो को विवरण सहित प्राविधिक मुल्यांकन तथा नापि किताव पेश गर्नुपर्ने रु. | ४९५,८७९ |
| ३१ | 179 | २०७७-७-६ | **कोटेशनमा उल्लेख भएभन्दा वढी भुक्तानीः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले नीति तथा कार्यक्रम पुस्तक छपाई गर्न ओजन अफसेट प्रेस संग कोटेशन लिई कभर पेज सहित १९२ पेज कितावको प्रतिकिताव रु.३८४।०० मा सम्झौता भएकोमा नीति तथा कार्यक्रम पुस्तक कभर पेज सहित किताव १६९ पेजको मात्र भएकोले आनुपातिक रुपमा किताबको कभर पेज र भित्री पेजको मुल्य विश्लेषण गर्दा प्रतिकिताव रु.३४२।०० का दरले मु अ कर सहित रु.२५६५००।०० मात्र भुक्तानी गर्नुपर्नेमा रु.२८८३५३।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.. | ३१,८५३ |
| ३२ | | | **खर्चका विल भरपाईः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले देहायवमोजिम भुक्तानीमा खर्चलाई प्रमाणित गर्ने विल भरपाई नभएकोले खर्च प्रमाणित गर्ने विल भरपाई पेश गर्नुपर्ने रु | ३३२,५०० |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| १६० | ढुंगा गिटी वालुवा लिलामिमा उपस्थित सुरक्षाकर्मिक खानाखाजा भरतवावु भट्टलाई भुक्तानी | ३०५०० |
| १६१ | कार्यपालिकाको वैठकको वैठकभत्ता धन व दर्दामीलाईभुक्तानी भएको रु१३६००० मध्ये वितरणको भरपाई रु.१२९०००।०० | ७००० |
| ७७७ | विपद् व्यवस्थापन कार्यक्रम वाढी पिडितलाई राहात वडा नं १ २ र ६ का ५९ घर | २९५००० |
| | जम्मा | ३३२५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | 363 | २०७७-९-२२ | **मु अ कर वढी भुक्तानीः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले ३ प्रति कोटेशन लिई कार्यालयका लागी आवश्यक सामाग्री छपाई गर्न सिद्धवावा अफसेट प्रेससंग सम्झौता गरी रु२१६३१०।०० भुक्तानी गरेकोमा कोटेशनको दरमा मु अ कर समावेश गरिएको भनी उल्लेख भएको दरमा पुन मुल्य अभिवृद्धी कर थप गरी भुक्तानी भएकोले वढी भुक्तानी भएको मुल्य अभिवृद्धी कर असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | २४,८८५ |
| ३४ | 137 | २०७७-६-३० | **सम्झौता भन्दा वढी भुक्तानीः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले एकिकृत सम्पती कर सम्वन्धी सफ्टवेयरको मर्मत सम्भार तथा वार्षिक शुल्क भुक्तानी गर्दा २ वटा सम्झौता मध्ये १ वटा सम्झौतामा मात्र नविकरण शुल्क वापत वार्षिक २० प्रतिशत रकम भुक्तानी गर्ने उल्लेख भएकोमा २ वटा सम्झौता रकमको २० प्रतिशत नविकरण शुल्क भुक्तानी भएको देखिन्छ।यसरी १ वटा सम्झौताको मात्र नविकरण शुल्क रु.२९९४५।०० भुक्तानी हुनुपर्नेमा रु.८९८३५।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु. ५९८९०।०० असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु | ५९,८९० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>परामर्श सेवा खरिदः</td><td></td></tr>
<tr><td>३५.१</td><td></td><td></td><td>
पालिकाको कार्यालयले यस बर्ष तपिसलका डि.पि.आर कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ।
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>परामर्शदाताको नाम</th><th>रकम</th></tr>
<tr><td>१७१</td><td>मर्स्याङ्दी नदिका विभिन्न घाटहरुको आइ इ इ प्रतिवेदन</td><td>अस्त्र इन्जिनियरिङ प्रा लि</td><td>३४४६५०</td></tr>
<tr><td>१७१</td><td>सेती नदिका विभिन्न घाटहरुको आइ इ इ प्रतिवेदन</td><td>वारवारा इन्जिनियरिङ कन्सल्टेन्सी</td><td>३४४६५०</td></tr>
<tr><td>३१५</td><td>खहरे खोला प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन</td><td>भ्याङकटेश इन्जिनियरिङ एसोसिएट्स</td><td>४९६०७०</td></tr>
<tr><td>४६०</td><td>वडा कार्यालय भवनको डि पि आर</td><td>कैलाश इन्जिनियरिङ कन्सल्टेनसी</td><td>३४६५१४</td></tr>
<tr><td>६३४</td><td>आवुखैरेनी गा पा आवधिक योजना निर्माण</td><td>स्कोलर नेपाल प्रा लि</td><td>५९७०६४</td></tr>
<tr><td>८९५</td><td>आवुखैरेनी गा पाआवधिक योजना निर्माण</td><td>स्कोलर नेपाल प्रा लि</td><td>११९४१२६</td></tr>
<tr><td>८१०</td><td>ऐना पहरा सम्भाव्यता अध्ययन तथा डि पि आर</td><td>नारायणी ट्रेनिङ एण्ड इन्जिनियरिङ</td><td>११९४४१०</td></tr>
<tr><td>८४९</td><td>गा पा वृतचित्र डकुमेन्ट्री</td><td>वि एण्ड वि मिडिया</td><td>२५००००</td></tr>
<tr><td>८६१</td><td>गाउँपालिकाले गरेको कामको वृतचित्र निर्माण</td><td>असल सञ्चार प्रा लि</td><td>३५००००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>५११७४८४</td></tr>
</table>
यस सम्वन्धमा निम्नानुसार देखिएको छ।<br>
(क) परामर्श सेवाको लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।<br>
(ख)वाह्य परामर्शदातावाट कामः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु ५११७४८४।०० थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन।<br>
(ग) डीपीआर कार्यन्वयनः पालिकाको कार्यलयले यस बर्ष योजनागत खर्च शिर्षकमा एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या अनुसार पुजीगत खर्च शिर्षकमा राखी वजेट विनियोजन गर्नुपर्नेमा चालुमा राखी कार्यक्रम तयार गरेको छ भने चालुमा राखेकोमा समेत कुन कार्यक्रम हो नखुलाइ एकमुष्ट रुपमा सेवा तथा परामर्श शिर्षकमा वजेट राखेको छ। परामर्श सेवाको लागि योजनागत रुपमानै बजेट पारित नगरी एकमुष्ट परामर्श खर्च गर्ने कार्यमा नियन्त्रण गरिनुपर्दछ।<br>
(घ)सोझै खरिद कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका उपरोक्त योजनाको डि.पि.आर कार्यको लागि २० लाख भित्र
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | पारी लागत अनुमान तयार गरी सोझै खरिद गरी रु ५११७४८४।०० भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान तयार गर्दा माथि उल्लेखित आधार नलिएको र प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेकोले उक्त कार्यको लागि भएको भुक्तानी रकम नियमसंगत देखिएन। | |
| ३५.२ | | | **परामर्शदाताको प्राविधिक मूल्यांकनः ।२०७७।०७।२७** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७१ र १२ मा क्रमशः परामर्शदाताको आर्थिक प्रस्तावको मूल्यांकन पूर्व प्राविधिक प्रस्तावको मूल्यांकन गर्ने र उक्त मूल्यांकनमा पास भएका प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोल्नुपर्ने तथा परामर्शदाताको लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको अन्य निकायले तयार पारेको नर्म्स आदि कुरालाई कुरालाई आधार मानी लागत अनुमान तयार पार्नुपर्ने व्यवस्था छ। पालिकाले आवुँखैरेनी गाउँपालिकाको आवधिक योजना निर्माण गर्न प्राविधिक र आर्थिक प्रस्ताव माग गरी परामर्शदाता छनौट गरेकोमा परामर्शदाताको प्राविधिक मुल्यांकनमा प्रविधि हस्तान्तरणमा ५ अंक छुट्याइएकोमा ग्रिड कन्सल्टेन्टले प्राविधिक प्रस्तावमा प्रविधि हस्तान्तरणको कुरा उल्लेख गरेकोमा अंक नदिइएको र प्रस्तावमा प्रविधि हस्तान्तरणको कुरा उल्लेख नभएको स्कोलर नेपाललाई ५ अंक दिइएको तथा परामर्शदाताको अनुभवमा ५ देखि ६ वर्षको अनुभवलाई २५ अंक छुट्याइएकोमा स्कोलर नेपाललाई २५ अंक नै प्रदान गरिएको र ग्रिड कन्सल्टेन्टलाई अनुभव हुँदा पनि २० अंक मात्र प्रदान गरिएको देखिन्छ।यसरी प्रविधि हस्तान्तरण र अनुभवको अंकको वास्तविक गणना गर्दा स्कोलर नेपालले कुल ७२.५ अंक र ग्रिड कन्सल्टेन्ट ले ७५.५ अंक प्राप्त गर्ने देखिन्छ। परामर्शदाताको प्राविधिक प्रस्तावलाई ८० प्रतिशत अंकभार र आर्थिक प्रस्तावलाई २० प्रतिशत अंकभार मानी गणना गर्दा पालिकाले छनौट गरी भुक्तानी भएको परामर्शदाता स्कोलर नेपालले कुल ७८ अंक प्राप्त गर्ने र दोस्रो नंम्वरको परामर्शदाता ग्रिड कन्सल्टेन्टले कुल ८०.३ अंक प्राप्त गर्ने देखिन्छ। प्राविधिक मुल्यांकनमा वढी अंक दिई छनौट नहुने परामर्शदातालाई छनौट गरेको प्राविधिक मुल्यांकन प्रक्रिया नै त्रुटीपूर्ण देखिन्छ।यसरी प्राविधिक मुल्यांकनमा छनौट नहुने परामर्शदाता छनौट गरी भुक्तानी भएको रकम अनियमित देखिएको रु... | १,७९१,१९० |
| ३६ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै**m** गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यसवर्ष देहायवमोजिम सप्लायर्सवाट नयाँ कार्यालय भवनमा विद्युतिय तथा नेटवर्किङ सम्वन्धी सामाग्रीहरु सोझै खरिद गरी भुक्तानी गरेको रकम अनियमित देखिएको रु | १,९०८,५४५ |

| भौ नं | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| ६५७ | कार्यालयमा आइ पि पि वि एस जडान | सिन्धु इन्जिनियरीङ प्रा लि | ४९७३१९ |
| ६५० | प्रशासनिक भवनमा नेटवर्किङ जडान | मातृभुमी विल्डर्स एण्ड सप्लायर्स | ४९८१०४ |
| ६६८ | सि सि टिभि जडान | टेक्नोट्रेनिक सोलुसन प्रा लि | ४९८१२२ |
| ४५२ | सि सि टि भि खरिद | समवेता इन्जिनियरिङ एण्ड सोलुशन | ४१५००० |
| | | | १९०८५४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | 151 | २०७७-७-३ | **आनुपातिक कट्टी नगरी भुक्तानीः**<br>आवुखैरेनी गाउँपालिकाद्धारा तर्जुमा गरी कार्यान्वयन गरिएको उपभोक्ता समिती गठन तथा परिचालन सम्वन्धिक कार्यविधीमा उपभोक्ता समितीवाट गरीने कार्यका कम्तिमा ५ प्रतिशत उपभोक्ता समितीको योगदान हुनुपर्ने कुरा उल्लेख भएकोमा कार्यालयले आवुँखैरेनी छिम्केश्वरी मोटरमार्ग सरसफाई तथा मर्मत योजनाको रकम उपभोक्ता समितीलाई भुक्तानी गर्दा कुल कार्यसम्पन्न रकम रु.२११७५२।०० को ५ प्रतिशत रकम कट्टा गरी वाँकी रु२०११६४।०० मात्र भुक्तानी गर्नुपर्नेमा रु.२१००००।०० भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम रु.८८३५ सम्वन्धित उपभोक्ता समितीवाट असूल गर्नुपर्ने रु.. | ८,८३५ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८</td><td>427</td><td>२०७७-१०-२०</td><td>पाइप पुर्ने काममा माटो खरिदको मुल्य राखि भुक्तानीः<br>सार्वजनिक खरिद ऐनको दफा ५७ मा सार्वजनिक निकायले विल विजकको भुक्तानी गर्दा खरिद सम्झौताका अधिनमा रहि दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले वरादी खानेपानी तथा सरसफाई उपभोक्ता समितीलाई सम्झौतावमोजिमको रकम रु२८४५७७।०० भुक्तानी गर्दा पाइपलाइन पुर्ने कामको दर विश्लेषणमा माटोको दर रु.६५ राखि दर विश्लेषण गरेको देखिन्छ। पाइपलाईन खन्ने क्रममा सोही स्थानमा पुर्ने माटो उपलव्ध हुने भएकोले माटोको दर राखि भुक्तानी भएको ३४६ घ मि कामको वढी भुक्तानी रु२२४९० मा उपभोक्ताको अंश ८.६५ प्रतिशत कट्टा गरी वाँकी रकम असूल गर्नुपर्ने रु</td><td>२०,५४४</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>आन्तरिक आय तर्फ देखिएको ब्यहोराहरु</td><td></td></tr>
<tr><td>३९.१</td><td></td><td></td><td>उत्खनन् एवं संकलन तथा असुली संझौता तालमेल नभएको<br>निम्न मर्स्याङ्गदी नदी क्षेत्रबाट ढुङ्गा गिटी बालुवा उत्खनन् संकलन कार्य गर्न बुलेट कन्ट्रक्सन प्रा लि ले कर बाहेक रु १३०००००० मा ठेक्का सम्झौताको वखत ६० प्रतिशतले हुन आउने रकम समेत रु ९००००० बुझाएको र बाँकी रकम रु ५८८५०००। श्रावण मसान्तमा बुझाउने उल्लेख भए अनुसार श्रावण १४ गते बुझाएको देखिन्छ ।सम्झौतामा नै २०७७।७८ को जेष्ठ मसान्त सम्म उत्खनन् र सकलन गरी सक्नुपर्ने उल्लेख छ ।यसरी संकलन समयावधी भित्रै रकम असुली गर्ने गरी संझौता गरी रकम असुल गर्नु पर्नेमा श्रावण सम्मको अवधी राखि सझौता गरेको उचित देखिएन ।
<table>
<tr><th>उत्खनन् तथा संकलन क्षेत्र</th><th>उत्खनन् गर्ने परिमाण</th><th>न्यूनतम राजश्व अनुमान</th><th>कबोल अंक रु</th><th>कर समेत कबोल अंक रु</th></tr>
<tr><td>आवुखैरेनी ३ कुडुलेघाट कानाघाट</td><td>४६४२८।८०</td><td>३२४९९९३।६०</td><td>४५०००००</td><td>५१५२५००</td></tr>
<tr><td>आबुखैरेनी २ कुडुले नारीघाट ढापटार</td><td>६०७५९२।१६</td><td>४२५३१४५।१२</td><td>५५०००००</td><td>५५०००००</td></tr>
<tr><td>आबुखैरेनी १ सत्रसय वरादीघाट</td><td>१६४२२२।५६</td><td>११४८८५७।९२</td><td>३००००००</td><td>३४३५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३००००००</td><td>१४८८५०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.२</td><td></td><td></td><td>ढिलो बुझाएकोमा ब्याज<br>सेती नदी क्षेत्रको कुप्तीखोला लमिनी टापु भुतखोला क्षेत्रबाट ढुङ्गा गिटी बालुवा उत्खनन् संकलन कार्य गर्न बुलेट कन्ट्रक्सन प्रा लि सँगको सम्झौताको दफा ८ मा २०७८।१।३० भित्र बाँकी रकम नगद दाखिला गर्ने उल्लेख छ ।दफा २१ मा यस सम्झौतामा नभएको अन्य कुरा प्रचलित कानुन बमोजिम हुने उल्लेखछ ।सेती नदी क्षेत्रको कुप्तीखोला लमिनी टापु भुतखोला क्षेत्रबाट ढुङ्गा गिटी बालुवा उत्खनन् संकलन कार्य गर्न बुलेट कन्ट्रक्सन प्रा लि ले कर सहित रु ५९५४०००। मध्ये २०७८।१।२ सम्ममा रु ५१०००००। बुझाएको र बाँकी रकम रु ८५४०००। असाढ २ गते बुझाएको देखिन्छ।सम्झौतामा नै २०७७।७८ को बैशाष मसान्त सम्म बाकी रकम बुझाई सक्नु पर्नेमा असाढ २ गते बुझाएकोले जम्मा ३२ दिनको १० प्रतिशतले दामासहीको हिसावबाट हुन आउने रु ७४८७ असुल गर्नुपर्दछ ।</td><td>७,४८७</td></tr>
<tr><td>३९.३</td><td></td><td></td><td>राजश्व जम्मा<br>यस कार्यालयले आन्तिरिक नियन्त्रणको लागि मलेप फा.नं. ९०४(साविकफारम नं ११८) अनुसारको १७ कोलम खाता राख्नु पर्ने व्यवस्था छ।आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(९)(१०)मा प्रचलित कानुन अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजश्वको लेखा राखी बैक दाखिला गर्नुपर्नेछ । नगदी रसिदको आम्दानी खर्च यथार्थपरक ढंगबाट राखिनुपर्दछ । रसिद नियन्त्रण खाता ब्यवस्थित गरी पुरानो रसिद र नयाँ छपाई रसिदको मौज्दात एकिन गर्नुपर्दछ । वडामा लगिएको नगदी रसिद समय मै पालिकामा फिर्ता गरेको देखिएन साथै नगदी रसिदबाट उठेको राजश्व बैक दाखिला भोली पल्ट नै गरेको देखिदैन।यसमा सुधार गरि राजश्व हिसाव चुस्त वनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९.४</td><td></td><td></td><td>अनुगमन मुल्यांकन<br>प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको पालिका अनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खनन्को स्वीकृती दिई ठेक्का लगाएको भएतापनि प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको अनुगमन समितिद्धारा नियमित अनुगमन गरेको पाइएन। नदिजन्य पदार्थ सम्बन्धि आगमी दिनमा नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>बढी ग्रेड भुक्तानीः<br>कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ अनुसार स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सो प्रतिवेदका आधारमा अनुदान दिने व्यवस्था छ।पालिकाले देहायको शिक्षकहरुको तलबि प्रतिवेदन भन्दा बढी ग्रेड भुक्तानी भएकोले बढी ग्रेड भुक्तानी भएको असुल हुनुपर्ने रु<br><table>
<tr><th>शिक्षको नाम</th><th>पाउने ग्रेड</th><th>भुक्तानी ग्रेड</th><th>बढी ग्रेड</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>प्रेम बहादुर अक्षामि</td><td>६</td><td>७</td><td>१</td><td>९४०</td><td>१२२२०</td></tr>
<tr><td>ईच्छा पन्त</td><td>६</td><td>७</td><td>१</td><td>८८७</td><td>११५३१</td></tr>
<tr><td>सिता अंगाई</td><td>६</td><td>७</td><td>१</td><td>८८७</td><td>११५३१</td></tr>
<tr><td>सुभाष मिश्र</td><td>६</td><td>७</td><td>१</td><td>८८७</td><td>११५३१</td></tr>
<tr><td>प्रेम बहादुर गुरुङ्ग</td><td>५</td><td>६</td><td>१</td><td>८८७</td><td>११५३१</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td>५८३४४</td></tr>
</table></td><td>५८,४४३</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>दिवा खाजा कार्यक्रमः<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रतिविद्यार्थी १५ का दरले विद्यालय सञ्चालन भएको दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यायल व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी हाजिरि संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले भौ नं ५५ र १०७ बाट रामशाह मा वि लाई दिवा खाजा कार्यक्रम सञ्चालनको लागि असोज देखि चैत सम्मको लागि रु १०० दिनको रु ६४९५००। अनुदान निकासा दिएकोमा विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित खर्चको विवरणमा रु ३५६३८०। खर्च भएकोले बढी भुक्तानी भएको रु २९३१२०। असुल गरि संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>२९३,१२०</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले देहायको विद्यालयलाई भौतिक पुर्वधार निर्माणमा अनुदान निकासा भएकोमा प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु ।</td><td>१,७२८,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>नमुना विद्यालयको भौतिक पुर्वधार निर्माणः<br>शैक्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ११.१.२१ मा भौतिक पुर्वाधार निर्माणधिन रहेको विद्यालयहरुको स्वीकृत गुरुयोजना तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनका लागि यस आर्थिक वर्षमा निर्देशिकाको अनुसुची ११ मा उल्लेखित खण्ड क बमोजिम प्रति विद्यालय रु १ करोड अनुदान उपलब्ध गराएको र कार्य प्रगतिको आधारमा उपलब्ध गराउने उल्लेख छ। पालिकाले रामशाह मा वि लाई आर्थिक बर्ष २०७६।७७ मा भौतिक पुर्वाधार निर्माणको लागि रु १ करोड ५० लाख अनुदान निकासा गराएको र आर्थिक बर्ष २०७७।७८ मा रु ९८ लाख अनुदान निकासा भएको छ। पालिकाले विद्यालयको भौतिक निर्माणको रु २ करोड १० लाख को कार्य सम्पन्न पेश गरेकोमा आर्थिक बर्ष २०७६।७७ को १ करोड ५० लाख संपरिक्षण बाट फछ्यौट भएको मा यस बर्षको ९८ लाख मध्ये बाकि रु ३८ लाख को कार्य सम्पन्न पेश गर्नुपर्ने रु</td><td>३,८००,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>प्राविधिक ग्रेड बढि भुक्तानीः<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको च नं ३७७ मिति २०७८।०१।३० को पत्र अनुसार शिक्षकलाई प्राविधिक ग्रेड प्रदान गर्ने सम्बन्धमा २०५७ साल आषाढ मसान्तसम्म तालिमप्राप्त गरी स्थायि भएका र प्राविधिक स्केल खाइपाइ आएका शिक्षकलाई मात्र विशोष व्यवस्था अनुसार प्राविधिक २ ग्रेड थप दिने व्यवस्था भएको र आर्थिक बर्ष २०७२।७३ को अन्तसम्म सो व्यवस्था साविकको शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।०७३ मा प्रष्ट व्यवस्था भएकोले २०७३ असार मसान्तसम्म प्राविधिक ग्रेड खाइपाई आएका र २०७३ श्रावण यता कार्यरत रहेका वा सेवा निवृत्त त्यस्ता शिक्षकहरुको हकमा मात्र आदेश बमोजिम ग्रेड सुविधा उपलब्ध गराउने उल्लेख छ।पालिकाले देहायको विद्यालयको शिक्षकहरुलाई २०५७ भन्दा पछाडि नियुक्त भएका र २०७३ भन्दा अगाडि देखिको प्राविधिक ग्रेड भुक्तानी भएकोले बढि प्राविधिक ग्रेड नपाउने रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>शिक्षको नाम</th><th>जम्मा पाउने ग्रेड रकम</th><th>भुक्तानी भएको</th><th>बढी भुक्तानी</th><th>कैफियत</th></tr>
<tr><td>प्रकाश भणडारी</td><td>०</td><td>१५९५८८</td><td>१५९५८८</td><td>स्थाई नियुक्ति २०६०।८।२६</td></tr>
<tr><td>सुदर्शन बाबु अर्याल</td><td>३२४१६।२</td><td>५६४१२।२</td><td>२३९९६</td><td>२०६८।९।१ देखि भुक्तानी भएकोमा २०७३।४ बाट मात्र पाउने</td></tr>
<tr><td>मेनुका धरेल</td><td>१२०१०३</td><td>१४२६६३।</td><td>२२६६०</td><td>२०६८।९।१ देखि भुक्तानी भएकोमा २०७३।४ बाट मात्र पाउने</td></tr>
<tr><td>लाल बहादुर परियार</td><td>१२०१०३</td><td>१४०५५१</td><td>२०४४८</td><td>२०६९।०४।१ बाट भुक्तानी भएको मा २०७३।४ बाट मात्र पाउने</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>२२६६९२</td><td></td></tr>
</table></td><td>२२६,६९२</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>नमुना विद्यालय विकासका लागि कार्यसम्पादन अनुदानः<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र योजना तथा अनुगमन शाखा को मिति २०७७।३।१०, च नं ३८३ को पत्रमा नमुना विद्यालय विकासका लागि छनौट भएका विद्यालय लाई कार्यसम्पादन अनुदान निकासा दिदा विद्यालयको शौक्षिक विकास तथा व्यवस्थापकीय पक्षको सुदृढीकरण क्षमता अभिवृद्धि विद्यालयको शौक्षिक तथा व्यवस्थापकिय कार्य नपुग हुने शिक्षक तथा कर्मचारी व्यवस्थापन शौक्षिक सामाग्रि तथा विद्यालयको स्वीकृत गुरुयोजनामा उल्लेखित प्राथमिकता प्राप्त कार्यक्रम लागि विद्यालयससँग कार्ययोजना माग गरि बजेट निकासा गर्नु पर्ने उल्लेख छ। पालिकाले राम शाह मावि लाई नमुना विद्यालयको विकासका लागि कार्यसम्पदन अनुदान शिर्षक अन्तर्गत निकासा भएको रु ५० लाखबाट करारमा कर्मचारी नियुक्ति गरि तलब भत्तामा खर्च गरेको देखिन्छ। उक्त विद्यालयमा कुल शिक्षक दरबन्दी (प्राविधिक धार समेत) ४२ रहेकोमा स्थायि तथा करार गरि ४२ पदपुर्ति भएको पालिकामा प्राप्त विवरणवाट देखिन्छ। यसरी विद्यालयले दरबन्दि अनुसारको पुर्ण पदपुर्ति रहेकोमा समेत २६ जना शिक्षक तथा अन्य कर्मचारिको नियुक्ति गरी तलब भत्ता वापत खर्च लेखेको देखिन्छ।शिक्षक नियुक्तीका सम्वन्धमा पालिकामा छलफल गर्दा सो सम्वन्धमा पालिकामा जानकारी नभएको र नियुक्ति प्रक्रियामा पुर्याउनुपर्ने मापदण्ड शैक्षिक योग्यता तथा छनौट पक्रिया र गुणस्तरिय शिक्षा प्रदानको सुनिश्चितता हुने सम्वन्धमा एकिन गर्न सकिएन।यस सम्बन्धमा छानबिन गरी यथार्थता एकिन गरिनुपर्दछ । यस सम्बन्धमा गत आ व को अन्तिम लेखापरिक्षणमा बेरुजु औल्याएकोमा समेत सुधार भएको देखिदैन।यसरी विद्यालयको पुर्ण दरवन्दी पदपुर्ती भइसकेको अवस्थामा पालिकामा जानकारी नदिई थप शिक्षक नियुक्ति गरी तलव भत्ता खर्च लेखेको अनियमित देखिएको रु
<table>
<tr><th>कर्मचारिको नाम</th><th>तह</th><th>मासिक तलब</th><th>महंगि भत्ता</th><th>मासिक</th><th>जम्मा भुक्तानी</th></tr>
</table></td><td>३,४५८,७६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अर्जुन कुमार ढकाल | मा वि तृतिय | ३५९९० | २००० | ३७९९० | २२७९४० | | |
| | | | | नवराज मिश्र | मा वि तृतिय | ३५९९० | २००० | ३७९९० | २२७९४० | | |
| | | | | शर्मिला घले | मा वि तृतिय | ३५९९० | २००० | ३७९९० | २२७९४० | | |
| | | | | सुवाश नराल | मा वि तृतिय | ३५९९० | २००० | ३७९९० | २२७९४० | | |
| | | | | नस्तुराम कडेल | मा वि तृतिय | २९०६० | २००० | ३१०६० | १८६३६० | | |
| | | | | विनोद श्रेष्ठ | मा वि तृतिय | २९०६० | २००० | ३१०६० | १८६३६० | | |
| | | | | नविना घिमिरे | मा वि तृतिय | २९०६० | ६००० | ३५०६० | २१०३६० | | |
| | | | | कामना श्रेष्ठ | मा वि तृतिय | २९०६० | २००० | ३१०६० | १८६३६० | | |
| | | | | मिना कुमारी आले | प्रा वि तृतिय | १८५६५ | २००० | २०५६५ | १२३३९० | | |
| | | | | पम्फा पन्त | प्रा वि तृतिय | १८५६५ | २००० | २०५६५ | १२३३९० | | |
| | | | | राधिका देवकोटा | प्रा वि तृतिय | १८५६५ | २००० | २०५६५ | १२३३९० | | |
| | | | | पुजा राना | प्रा वि तृतिय | १८५६५ | २००० | २०५६५ | १२३३९० | | |
| | | | | सविता गुरुङ्ग | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | सृष्टि कुँवर | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | सृजना घले | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | सुनिता गुरुङ्ग | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | टुकु माया आले | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | कृष्ण श्रेष्ठ | प्रा वि तृतिय | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | प्रतिक्षा बस्नेत | वा वि के | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | जानुका श्रेष्ठ | वा वि के | १३८०० | २००० | १५८०० | ९४८०० | | |
| | | | | खिलमाया खवास | कम्प्युटर स | १३८०० | २००० | १५८०० | ९४८०० | | |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सुरक्षा के सि</td><td>वा वि के</td><td>१३८००</td><td>२०००</td><td>१५८००</td><td>९४८००</td></tr>
<tr><td>आशा गुरुङ्ग</td><td>सरसफाई</td><td>१२०००</td><td>२०००</td><td>१४०००</td><td>८४०००</td></tr>
<tr><td>टेक कुमारी खत्री</td><td>सरसफाई</td><td>१२०००</td><td>२०००</td><td>१४०००</td><td>८४०००</td></tr>
<tr><td>मन कुमारी गुरुङ्ग</td><td>मालि</td><td>१२०००</td><td>२०००</td><td>१४०००</td><td>८४०००</td></tr>
<tr><td>सानोकान्छी गुरुङ्ग</td><td>सरसफाई</td><td>१२०००</td><td>२०००</td><td>१४०००</td><td>८४०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td>३४५८७६०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>सामुदायिक वनबाट आय प्राप्त नगरेको<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत रानीवन सामुदायिक वन उपभोक्ता समिति वडा नं ६ ले रु.१०७८११५।०० को वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम रु १०७८११।यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु.१०७८११</td><td>१०७,८११</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>पेश्की बाँकिः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छेद ५ मा पेश्की दिने तथा फर्च्यट गर्ने<br>सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त नभएको पेश्की नियमानुसार फछ्र्योट गर्नुपर्दछ।
<table>
<tr><th>गो. भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</th><th>रकम</th></tr>
<tr><td>११</td><td>प्रशासनिक भवन निर्माण</td><td>बि एम /सिजल जे.भी</td><td>७०००००</td></tr>
<tr><td>२०२</td><td>खान्टोक चक्रपथ सडक कालो पत्रे योजना</td><td>सिजल कन्स्ट्रक्सन</td><td>१९०००००</td></tr>
<tr><td>२५३</td><td>बहुउद्देश्य भवन</td><td>ज्ञान ज्योति बिल्डर्स प्रा.लि</td><td>४१५००००</td></tr>
<tr><td>५</td><td>एम्बुलेन्स खरिद</td><td>अग्नी इन्कर्पोरेटेड प्रा.लि.</td><td>१०९५११९७</td></tr>
<tr><td>३०</td><td>सत्रसय आँधिमुल ग्रामीण तथा कृषि सडक निर्माण योजना</td><td>मेगा डेभलपमेन्ट कन्स्ट्रक्सन प्रा.लि.</td><td>२५०००००</td></tr>
<tr><td colspan="3">म्याद ननाघेको पेश्की जम्मा</td><td>१०३४५११९७</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>पारिश्रमिक करः<br>आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायको कर्मचारीको तलव भत्ता भुक्तानी गर्दा पारिश्रमिक करकट्टा गरेको छैन। अतः उक्त कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>नाम</th><th>वार्षिक आय</th><th>कट्टी रकम</th><th>करयोग्य आय</th><th>जम्मा कर</th><th>तिरेको कर</th><th>वाँकी कर</th></tr>
<tr><td>निरोज श्रेष्ठ</td><td>५३७८७०</td><td>२५०००</td><td>५१२८७०</td><td>१६५७४</td><td>५१२८</td><td>११४४६</td></tr>
<tr><td>सरोजचन्द्र अधिकारी</td><td>४७५९३०</td><td>०</td><td>४७५९३०</td><td>७०९३</td><td>४७५९</td><td>२३३४</td></tr>
<tr><td>विष्णु प्रसाद पोखरेल</td><td>६७८०१८</td><td>१०७४९६</td><td>५७०५२२</td><td>१८६०४</td><td>६७८०</td><td>११८२४</td></tr>
<tr><td>टेकनाथ पराजुली</td><td>७३६१७८</td><td>१७९०१६</td><td>५५७१६२</td><td>१५९३२</td><td>५५७१</td><td>१०३६१</td></tr>
<tr><td>अशोक घिमिरे</td><td>६१९३७२</td><td>९७५८४</td><td>५२१७८८</td><td>११६७८</td><td>५२१७</td><td>६४६१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>४२४२६</td></tr>
</table></td><td>४२,४२६</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>स्विकृत दरवन्दी वेगर करार सेवाः<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिर कानुनी परामर्शदाता नियुक्ती गरी वार्षिक रु.३०००००।००खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको रु..</td><td>३००,०००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>तलवि प्रतिवेदन<br>संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च नं १८० मिति २००७६।५।१८ गतेको परिपत्र वमोजिम स्थानिय तहका कर्मचारी र संघबाट काजमा स्थानिय तहमा कामकाज गर्न खटाईएका कर्मचारिहरुको तलवि प्रतिवेदन नेपाल सरकारको मिति २०७६।५।१८ गतेको निर्णयवमोजिम सम्वन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गर्ने उल्लेख भएकोमापालिकाले आ व २०७७।७८ मा सशर्तबाट तलव भुक्तानी गर्ने कर्मचारीको तलवी प्रतिवेदन पारित नगरि रु ९६ लाख ४५ हजार खर्च गरेको छ । पालिकाले तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भुक्तानी गर्न तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रमः-<br>स्थानीयतहमासूचीकृतबेरोजगारव्यक्तिलाईन्यूनतमरोजगारीप्रत्याभूतगराउनएवम्सामूदायिकपूर्वाधारहरुकोविकासमार्फतनागरिककोजीवनयापनमासुधारल्याउनेउद्देश्यलेस्थानीयतहभित्रप्रधानमन्त्रीरोजगारकार्यक्रमसञ्चालनमारहेकोछ। यसकार्यक्रमअन्तर्गतस्थानीयतहभित्रकावडाहरुमा सडक ढलान,साईकल लेन निर्माण तथा सिढि निर्माण काम लगायतका ३७ वटानिर्माणकाकार्यक्रमसञ्चालनगरीयसवर्ष ५६६ जनाले वेरोजगारको सुचिमा दर्ता गराएकोमा ३९६ जनालाई रोजगारी उपलब्ध गराई श्रमिक ज्यालामा रु. ८५ लाख ९० हजार खर्च गरेको छ । उक्तखर्चवाटलक्षितवर्गमाअल्पकालीनरोजगारीसृजनाभएतापनिकामकोदीगोपनातथादीर्घकालीनरोजगारीसृर्जनाभएकोदेखिंदैन।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td></td><td></td><td>जिल्ला दररेट भन्दा वढी भुक्तानी<br>सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समिति वा पालिकाले तयार गरेको दर प्रयोग गर्नुपर्दछ।भौ नं ६ पालिकाले कृषि तथा पशु कार्यक्रम अन्तर्गत कृषकलाई घाँसको विउ खरिद गर्दा जिल्ला दररेट भन्दा वढी दरमा भुक्तानी गरेकोले कृषकको ५० प्रतिशत लागत सहभागिता वाहेक असुल गर्नुपर्ने रु १३५००
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>जिल्ला दररेट</th><th>भुक्तानी भएको दर</th><th>परिमाण</th><th>वढी भुक्तानी</th><th>कृषकको अश बाहेकको वढी भुक्तानी</th></tr>
<tr><td>सशर्त १५५</td><td>टांकी</td><td>१२।१</td><td>२२</td><td>९४५</td><td>९३५५</td><td>४६७७</td></tr>
<tr><td></td><td>इपिल</td><td>१२।१</td><td>२२</td><td>९४५</td><td>९३५५</td><td>४६७७</td></tr>
<tr><td></td><td>किम्वु</td><td>१२।१</td><td>२२</td><td>९४५</td><td>९३५५</td><td>४६७७</td></tr>
<tr><td></td><td>वडहर</td><td>१९।८</td><td>२२</td><td>९४५</td><td>२०७९</td><td>१०३९</td></tr>
<tr><td>चालु ६</td><td>जै घाँस</td><td>६०</td><td>८०</td><td>१३५०</td><td>२७०००</td><td>१३५००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>२८५७०</td></tr>
</table></td><td>१३,५००</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>आमा सुरक्षा कार्यक्रम<br>संस्थागत सुत्केरी संख्या वृद्धि गराई मातृ मृत्यू तथा नवजात शिशु मृत्यूमा कमि ल्याउन नेपाल सरकारले संचालन गरेको मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रममा पहाडि जिल्लामा प्रसूति हुने सेवाग्राहीलाई रु २००० यातायात भत्ता उपलब्ध गराउने व्यवस्था भएको र पालिकाले स्वास्थ्य संस्थामा सुत्केरी गराए वापत आन्तरिक स्रोतबाट प्रोत्साहन स्वरुप रु १००० उपलब्ध गराउने उल्लेख गरी कार्यक्रम संचालन गरेकोमा भौ नै ६४ बाट १०६ जना सुत्केरी आमालाई यातायत भत्ता वितरण गर्दा सशर्तबाट रु २००० का दरले रु २१२००० र पालिकाबाट रु १००० का दरले रु १०६००० भुक्तानी गर्नुपर्नेमा सशर्तबाट रु २३८००० भुक्तानी गरेकोले पालिकाबाट खर्च गर्नुपर्ने रकम सशर्तबाट खर्च गरेकोले असुल गर्नुपर्ने रु</td><td>२६,०००</td></tr>
<tr><td>५४</td><td></td><td></td><td>पकेट कार्यक्रम<br>प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअल को परिच्छेद ७(१) मा परियोजनाबाट उपलब्ध हुने सुविधाहरु उल्लेख गरेको छ जसमा प्राविधिक सहयोगमा १०० प्रतिशत र अन्य कार्यमा कार्यविवरणको आधारमा ५० देखि ८५ प्रतिशत सम्म सुविधा दिन सकिने व्यवस्था भएकोमा पालिकाले श्री मर्स्याङ्गदि बहुउद्देश्यीय सामुदायिक विकास सहकारी संस्था लि लाई बाख्रा पकेट कार्यक्रम संचालन गर्न सम्झौता गर्दा कृषकको अंश र पालिकाको अंश कति प्रतिशत रहने भनि नछुट्एकोले परियोजना कार्यान्वयन म्यानुअलले निर्धारण गरे वमोजिमको लागत सहभागिता नदेखिएकोले उक्त कार्यक्रममा कुल खर्च भएको रु १९३१२२१ को कार्यप्रकृतिका आधारमा ५० देखि ८५ प्रतिशत सुविधा कटाई रु १०८७२१० मात्र भुक्तानी गर्नुपर्नेमा रु १५००००० भुक्तानी गरेकोले कार्यलयले उक्त भुक्तानी दिनुको कानुनी आधार पेश गर्नुपर्ने अन्यथा म्यानुअल कार्यान्वयन नगरि वढी भुक्तानी गरेको असुल गर्नुपर्ने रु</td><td>४१२,७९०</td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सामुदायकि विद्यालयको छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनः</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>शैक्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरि प्याड ब्यवस्थापनका लागि प्रति विद्यार्थि अनुदान उपलब्ध गराउने व्यवस्था छ । सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्यायनरत छात्राहरुको तथ्याङ्क यकिन गरि एउटा महिनामारि चक्रको लागि बढीमा प्याकेट सम्म सेनिटरी प्याड उपलब्ध गराउने तथा बार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याड व्यवस्थापन गर्ने उलेल्ख छ।पालिकाले सेनिटरि प्याड खरिद गरेकोमा विद्यार्थि सख्या एकिन नगरि खरिद गरेको सिलबन्दि खरिदको माध्यमबाट २०७८।३।२५ माशनिदेव सप्लायर्स सँग प्रति प्याकेट ५०।५ को दरले १४०३६।प्याकेट खरिद गरि रु ७९३८२७।खर्च लेखेको छ।पालिकाले आर्थिक बर्षको अन्त्यमा खरिद गरेको कारण उक्त सेनिटरी प्याड आर्थिक बर्ष २०७८।७९ को लागि प्रयोग हुने भएकोले आर्थिक बर्ष २०७८।७९ को लागि खरिद गर्दा आर्थिक बर्षमा २०७७।७८ मा खरिद गरेको प्रयोमा भईसकेपछि मात्र खरिद गर्नुपर्दछ।खरिद गर्दा कक्षा ६ देखि १२ सम्मको छात्राहरुको तथ्याङ्क यकिन गरि खरिद गर्नुपर्दछ।साथै खरिद गरेको सेनिटरी प्याड वितरणको भरपाई नभएको हुदा वितरणको भरपाई पेश गर्नुपर्ने रु</td><td>७९३,८२७</td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>सेनिटरि प्याड खरिद गर्दा पालिकाले सिलबन्दि र कोटेशन को माध्यमबाट सनिदेव सप्लायर्स बाट खरिद गरेको छ। खरिद गर्दा फरक फरक दररेटमा खरिद गरेको हुदा एउटै सप्लायर्स सँग एकै प्रकृतिको सामानमा फरक दर भएकोले बढी दरमा भएको भुक्तानी असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न</th><th>सामाग्रीको विवरण</th><th>खरिदको विधि</th><th>दर</th><th>परमाण</th><th>बढी रकम</th></tr>
<tr><td>७४</td><td>सेनिटरि प्याड</td><td>सिलबन्दि</td><td>५०।५</td><td>१४०३६</td><td></td></tr>
<tr><td>४२</td><td>सेनिटरि प्याड</td><td>कोटेशन</td><td>६१।९५</td><td>७१२०</td><td>८८५०१</td></tr>
<tr><td>१८</td><td>सेनिटरि प्याड</td><td>कोटेशन</td><td>६१।९५</td><td>१४२०</td><td>१८३७३</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td>१०६८७४</td></tr>
</table></td><td>१०६,८७४</td></tr>
<tr><td>५६</td><td></td><td></td><td>योजना तथा ठेक्का व्यवस्थापन</td><td></td></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>योजना सुची तयार नगरेको<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>योजना तर्जुमा तथा कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.३</td><td></td><td></td><td>
ठेक्का ब्यावस्थापनमा ढिलाई<br>
सार्वजनिक खरिद नियमावली, २०६४ (८) (१) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार खरिद योजना बनाई खरिद कारबाहीको समय तालिका उल्लेख गरेको देखिंदैन।निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता माघ महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ।
<table>
<tr><th>निर्माण कार्य</th><th>संझौता मिति</th><th>सम्पन्न गर्नुपर्ने मिति</th><th>भ्याट सहित लागत अनुमान रु</th><th>संझौता रकम रु</th><th>खर्च रु</th><th>कैफिएत</th></tr>
<tr><td>खान्टोक चक्रपथ सडक कालोपत्रे वडा नं ३</td><td>२०७८।२।२०</td><td>२०७८।१२।२०</td><td>१८९४९९९२।९४</td><td>११०८८२०८।३४</td><td>०</td><td>पेश्की</td></tr>
<tr><td>सत्रसय आदिमुल ग्रामिण सडक कालोपत्रे</td><td>२०७७।१०।२३</td><td>२०७८।३।१५</td><td>२०५७५८६८</td><td>१३४९९४९१।६८</td><td>०</td><td>म्याद थप</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
नन् फाईलर<br>
मूल्य अभिवृद्धि ऐन २०५२ को दफा १८ (१) करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेब्यवस्था छ । छविसे टोलबाट पृथ्वी हाईवे सम्मको लिंक रोड निर्माण गर्ने निर्माण ब्यवसायी आर ए आर ईन्जिनियरिङ्ग।एलिना भट्ट जेभी २०७६ सालबाट नन्फाईलर भएको र उक्त फर्मलाई निर्माण कार्यवापत रु १६१०५८६।८९ भुक्तानी गर्दा मुल्यअभिवृद्धि कर वापत रु १८५२८८।७६ भूक्तानी भएकोले सोको कर समायोजन पत्र पेश गर्नु पर्ने अन्यथा मुल्यअभिवृद्धि कर वापतको रकम असुल गर्नुपर्दछ ।
</td><td>१८५,२८९</td></tr>
<tr><td>५८</td><td></td><td></td><td>
प्रकोप व्यवस्थापन कोष<br>
· पालकाले प्रकोप व्यवस्थन कोष बाट अस्थायि कोभिड अस्पतालका लागि कर्मचारिको तलबभत्ता समाग्रि खरिद तथा खाजा खर्चमा रु ९७२८९२।६७ खर्च गरेको छ।<br>
· पालिकाले अस्थायि कोभिड अस्पतालमा ४ जना कर्मचारीहर पदपुर्ति गरेको छ। १ जना मेडिकल अफिसर २जना स्टार्फ नर्स र १ जना कार्यालय सहयोगि को दरबन्दि रहेकोमा सो अनुसार पदपुर्ति गरि अस्थायि कोभिड अस्पतालको कर्मचारीहरुको लागि कात्तिक देखि माघ सम्मको तलब भत्तामा रु ४१०७१२। खर्च लेखेको छ।<br>
· कोभिड अस्पतालको लागि समाग्री खरिदमा रु ४९६२८९।खर्च गरेको छ।<br>
· पालिकाले कोरोना नियन्त्रण कोष खडा गरि आइसोलेसन तथा क्वारेन्टिन व्यवस्थापन खाजा खाजा तथा सामाग्रि खरिदमा रु १०३३२७८।सुत्रमा पोष्टिङ्ग नगरि म्यानवल रुपमा खर्च लेखेको छ।पालिकाले कोभिड नियन्त्रणको लागि खर्च गर्दा कोभिड कोष बाट नै खर्च लेख्नुपर्नेमा गाउँपालिका चालु, प्रकोप व्यवस्थापनकोष तथा कोरोना नियन्त्रण कोष बाट खर्च गरेको छ। पालिकाले फरक फरक कोष बाट खर्च नगरि कोभिड कोष बाट खर्च गर्नुपर्दछ।<br>
· पालिकाले कोरोना नियन्त्रण कोषको भौ नं ३२ बाट आर्थिक सहयोग रु २००००।गाउँपालिकाको अध्यक्षको तोक आदेश बमोजिम घर आगलागि भएको भनि सहयोग दिएकोमा कोरोना कोष बाट आर्थिक सहयोग दिन मिल्ने देखिदैन पालिकाले प्रकोप व्यवस्थापन कोष बाट सहयोग वितरण गर्नुपर्दछ।<br>
· कोरोना नियन्त्रण कोष बाट कर कट्टी भएको रु १६२२९ अग्रम आयकर तथा सामाजिक सुरक्षा कर दाखिला नभएकोले बैक दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु<br>
वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ को विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ
</td><td>१६,२२९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५९</td><td></td><td></td><td>
रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ ।यस पालिकाले विभिन्न सडक निर्माणका योजना उपभोक्ता समितिबाट सम्पन्न गराई खर्च लेखेको छ।यसरी सम्पन्न गरेका योजनामा सम्पूर्ण काम सडक कटिङ्गको काम रहेको र सडक कटिङ्ग कार्यमा मेसिन प्रयोग भएको छ।यसरी निर्माण कार्य गर्दा रोजगारी सिर्जना नहुनुका साथै काममा मितव्ययिता रगुणस्तरियता समेत सुनिश्चित नहुने देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।केहि व्यहोराहरु:
<table>
<tr><th>भौ न मिति</th><th>कामको बिवरण</th><th>अन्तिम मुल्याङ्कन</th><th>मेसिन प्रयोग बिल</th></tr>
<tr><td>70</td><td>लोप्राङ आमडाँडा मोटरमार्ग योजना</td><td>९७६२३८।३२</td><td>९८०६४२।२५</td></tr>
<tr><td>९४</td><td>भुकुण्डो खिउसिङ मोटरबाटो निर्माण</td><td>६५३८१४।०५</td><td>६८६५२४।७३</td></tr>
<tr><td>२२२</td><td>बरालुङ्ग्वेशि जोड्ने मोटर मार्ग निर्माण</td><td>२७९८६८६।०३</td><td>२८०५२००।००</td></tr>
<tr><td>११५</td><td>लाब्दी चिताखोर बगै सडक निर्माण</td><td>७८९७२६।६२</td><td>७९७९९६।९६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६०</td><td></td><td></td><td>
माटो खरिद सहित ब्याक फिलिङ दररेट:<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलब्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि सडक योजना तथा खानेपानी योजनाको नमुना छनौँट गर्दा तपशिल बमोजिमका योजनामा ब्याक फिलिङ काममा ब्याक फिलिङ्ग दररेट रु २४० प्रति घ मि कायम गरिएको र सो दररेटमा माटो खरि प्रति घ मि रु ६५ समेत समावेश रेहेको छ । नरम र कडा माटो खन्ने काम सोहि निर्माण योजनामा रहि निर्माणस्थलमै माटोको उपलब्धता रहेकोले माटो खरिदको दर समावेश सहितको दर कायम गरि भुक्तानी गर्नु उपयुक्त देखिएन। यसरी ब्याक फिलिङको काम निर्माणस्थलमै उपलब्ध भएको माटो बाट भएको अवस्थामा माटो खरिद भएको हो भन्ने स्पष्ट आधार नभएकोले ब्याक फिलिङ कार्यको माटो खरिद वाहेकको दररेट रु १७५ प्रति घ मि राखि भुक्तानी हुनुपर्ने माटो खरिद सहितको दररेटले कार्य सम्पादन गरेको देखाउदा बढि भुक्तानी भएको छ। यसरी बढि दरले भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ न मिति</th><th>कामको विवरण</th><th>ब्याक फिलिङ कामको परिमाण (घ मि)</th><th>मुल्याङ्कन भएको दर</th><th>हुनुपर्ने दर</th><th>बढि भुक्तानी दर</th><th>बढि भुक्तानी रकम</th></tr>
<tr><td>५०</td><td>खत्री टोल सहयोगि मार्ग स्तरोन्नती</td><td>७९</td><td>२४०</td><td>१७५</td><td>६५</td><td>५१३५</td></tr>
<tr><td>२३८</td><td>आबगाँउ खानेपानी योजना</td><td>२०८।२५</td><td>२४०</td><td>१७५</td><td>६५</td><td>१३५३६</td></tr>
<tr><td>२६३</td><td>सत्रसय आधिमुल खानेपानी योजना</td><td>४०१।१०</td><td>२४०</td><td>१७५</td><td>६५</td><td>२६०७२</td></tr>
<tr><td></td><td colspan="5">जम्मा</td><td>४४७४३</td></tr>
</table>
</td><td>४४,७४३</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६१</td><td></td><td></td><td>

**डण्डिमा बढि भुक्तानी:**

सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी भुक्तानी दिनुपर्ने उल्लेख छ।यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको कृष्ण मन्दिर मार्ग ढलान तथा पिच योजनामा section 1 को bottom reinforcement कार्यमा ११ वटा १२ मिमि ७५ मिटर लम्बाईको डण्डी र section 2 को bottom reinforcement कार्यमा ११ वटा १२ मिमि ६६.३ मिटर लम्बाईको डण्डी प्रयोग भएको अन्तिम मुल्याङ्कन कायम गरि भुक्तानी भएको छ। सम्बद्ध फाँटवारी परिक्षण गर्दा दुवै सेक्सनमा ९ वटा मात्र डण्डी प्रयोग भएको छ। छ।यसरी निर्दिष्ट परिमाण भन्दा घटि परिमाणमा निर्माण सामाग्री प्रयोगबाट तोकिएको गुणस्तर सुनिश्चित नभई निर्माण कार्यको दिगोपना कायम नहुनुका साथै वास्तविक कार्यसम्पादन भन्दा बढि परिमाण मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई २५०।१७ केजि डण्डीको बढि भुक्तानी भएको छ।यसरी २५०।१७ केजि डण्डीको प्रति केजि ११७।५४ दरले रु २९४०५ बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौ न</th><th>कामको विवरण</th><th>मुल्याङ्कन परिमाण</th><th>कार्यसम्पन्न भएको परिमाण</th><th>बढि मुल्याङ्कन भएको परिमाण</th><th>बढि परिमाण<br>(०.६२ केजि/मिटर)</th><th>दर<br>प्रति केजि</th><th>बढि भक्तानी रकम</th></tr>
<tr><td>१९२</td><td>कृष्ण मन्दिर मार्ग ढलान</td><td>२२ गोटा १२ मिमि फलामे छड</td><td>१८ गोटा १२ मि लम्वाईको फलामे छड</td><td>४ गोटा १२ मिमि फलामे छड</td><td>२५०।१७ केजि</td><td>११७.५४</td><td>२९४०५</td></tr>
<tr><td></td><td></td><td colspan="5">जम्मा</td><td>२९४०५</td></tr>
</table>

</td><td>२९,४०५</td></tr>
<tr><td>६२</td><td></td><td></td><td>

**ग्याविनको काममा बढि भुक्तानी:**

६३।२०७७।१०।०७ वडा नं ५ सरसफाई तथा निर्माण योजनामा १५ गोटा २*१*१ को र ७ गोटा ३*१*१ को ग्याविन जालि बुन्ने तथा बोल्डर फिलाङको नापी र अन्तिम मुल्याङ्कन कायम गरिएको छ।सम्बद्ध फाँटवारी परिक्षण गर्दा २*१*१ को १५ गोटा ग्याविन बुन्ने तथा बोल्डर फिलाङको दररेट प्रति बक्स १२१३५।६० र ३*१*१ को ६ गोटा ग्याविन बुन्ने तथा बोल्डर फिलाङको दररेट प्रति बक्स ७९३६।९६ कायम गरि जम्मा रु २२९६५५।७६ मुल्याङ्कन गरिएको छ।यस सम्बन्धमा स्विकृत देररेट अनुसार २*१*१ को १५ गोटा ग्याविन बुन्ने तथा बोल्डर फिलाङको दररेट प्रति बक्स ७९३६।९६ र ३*१*१ को ६ गोटा ग्याविन बुन्ने तथा बोल्डर फिलाङको दररेट प्रति बक्स १२१३५।६० कायम गरि जम्मा रु १९१८६८ मुल्याङ्कन हुनुपर्दछ।यसरी फरक दरमा मुल्याङ्कन कायम भएकोले उपभोक्ता समितिलाई रु ३७७८८ बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

</td><td>३७,७८८</td></tr>
<tr><td>६३</td><td></td><td></td><td>

**जडान वेगरको खपत:**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेको केहि योजनाको नुमुना छनौट गर्दा देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु

<table>
<tr><th>भौ नं</th><th>उपभोक्ता समितिको नाम</th><th>खरिद भएको पाइप</th><th>दर प्रति रनिङ्ग मिटर</th><th>पाइपको रकम</th></tr>
<tr><td>१४२</td><td>समस्तोपुर खा पा योजना</td><td>१०० रनिङ्ग मिटर ६३ मिमि , १४७६ रनिङ्ग मिटर ५० मिमि एचडिईपी पाइप</td><td>६३ मिमि २१२।२५ प्रति रनिङ् मिटर, ५० मिमि १३५.२५ प्रति रनिङ्ग मिटर</td><td>२४९५६५।०२</td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td></td><td>२४९५६५</td></tr>
</table>

</td><td>२४९,५६५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **लागत अनुमानमा दोहोरो मु अ कर:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।गाउँपालिकाले निर्माण व्यवसायीबाट निर्माण सम्पन्न गरेको योजनाको नुमना छनौट गरी फाँटवारी परीक्षण गर्दा आधारभुत स्वास्थ्य केन्द्र वडा नं १ शौचालय निर्माण कार्यको लागि लागत अनुमान तयार र दर विश्लेषण गर्दाका समयमा नै सिमेन्ट, फलामे डण्डी, ईटामा १३ प्रतिशत मू.अ.कर जोडी प्रति युनिटको दर निर्धारण गरेको छ। यसरी निर्माण व्यवसायी यस कन्सट्रक्सन प्रा लि सँग सम्झौता गर्दा अन्य आईटममा घटि दरमा सम्झौता भएको र ब्रिक्स मेसिनरीमा लागत अनुमान बरावरको दर र परिमाणमा सम्झौता भई अन्तिम मुल्याङ्कन समेत सोहि बमोजिम भएकोले ब्रिक्स मेसिनरी काममा मू अ कर रकमको दोहोरो गणना भई आयोजनाको कूल लागतमा बढोत्तरी हुनुका अतिरिक्त निर्माण कम्पनीलाई बढि भुक्तानी भएको छ।ब्रिक्स मेसिनरीमा प्रति युनिट दर १५५०६।३७ कायम हुनुपर्नेमा मु अ कर दोहोरो गणना हुदा प्रति युनिट दर रु १७००० कायम भई प्रति युनिट रु १६८७।८० बढि भुक्तानी भएको छ। मुल्याङ्कन भएको ७।०४ घ मि को प्रति घ मि १६८७।८० को दरले रु १३४२५ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | १३,४२५ |
| ६५ | | | **कार्यालयको काम उपभोक्ता समितिबाट:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालय ट्रस निर्माण काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु १३६५९७१ खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माण कार्य गराएकोले नियमावलीमा भएको व्यवस्था कार्यान्वयन गर्न पालिकाले ध्यान दिनुपर्दछ। | |
| ६६ | | | **बढि परिमाण मुल्याङ्कन:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। पालिकावाट सम्झौता भै निर्माण कार्य भएको र निर्माण सम्पन्न भएको योजनाको उपभोक्ता समिति अन्तिम विलको भुक्तानी गर्दा वास्तविक कार्य सम्पादन भएको भन्दा वढि परिमाण कार्य भएको नापि र मुल्याङ्कन कायम गरी भुक्तानी दिएको छ।भौ न १८ मिति २०७८।०३।२८ बाट आबुँखैरेनी रंगशाला निर्माण योजनाको सेक्सन १० मा १:६ सिमेन्ट गारो सहितको रिटेनिङ्ग वाल लगाउने कामको अन्तिम मुल्याङ्कनमा रिटेनिङ वालको औषत चौडाई २।०५ मिटर कायम हुनुपर्नेमा २।४० मिटर कायम गरी मुल्याङ्कन भएको छ।सेक्सन १० १:६ सिमेन्ट गारो सहितको रिटेनिङ्ग वालको परिमाण ३६.८४४ घ मि कार्यसम्पादन भएकोमा अन्तिम मुल्याङ्कनमा ४३.१३ घ मि मुल्याङ्कन कायम गरी प्रति घ मि रु ८९५०.६५ दरले भुक्तानी भएको छ।यसरी भुक्तानी गर्दा वास्तविक कार्यसम्पन्न भन्दा ६.२९ घ मि बढि मुल्याङ्कन कायम भई जम्मा रु ५६३०० बढि भुक्तानी भएकोले असुल गर्नु पर्ने रु | ५६,३०० |

| भौ न मिति | कामको विवरण | कार्यसम्पन्न परिमाण | मुल्याङ्कन भएङ्को परिमाण | बढि मुल्याङ्कन भएको परिमाण | दर प्रति घ मि | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १८.२०७८।०३।२५ | रिटेनिङ्ग वाल निर्माण | ७.९०*२.०५*२.२७५ : ३६.८४४ घ मि | ७.९०*२.४०*२.२७५ : ४३.१३ घ मि | ६.२९ | ८९५०.६५ | ५६३०० |
| पूँजिगत सशर्त | | | | | | |
| | | | जम्मा | | | ५६३०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **कार्यसम्पादन जमानत कम राखेको:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (१) (ढ १) मा वोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा वढी घटेर कवोल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सो को ५० प्रतिशतले हुन आउने रकम कवोल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नु पर्ने उल्लेख छ। जस अनुसार यस पालिकाले औद्योगिक ग्राम ल्याण्ड डेभलपमेन्ट वर्क्स **(AKRM/AGLDW/NCB/12/077/078)** ठेक्कामानिर्माण व्यवसायी छिम्केश्वरी निर्माण सेवाले ३७.५ प्रतिशत घटिले कबोल गरेको र हाल त्रुटी सच्याउने दायित्व अवधि समेत कायम रहेकोले देहायअनुसार कम कार्यसम्पादन जमानत राखेकोलेउक्त रकमको थप कार्यसम्पादन जमानत पेश गर्नुपर्ने रु | ३०३,६१४ |

| लागत अनुमान रकम (मु.अ.कर सहित) | संझौता रकम (मु.अ.कर सहित) | ५ प्रतिशत कार्यसम्पादन जमानत रकम | १५ प्रतिशत भन्दा वढी घटेकोमा वढी घटेकोको ५० प्रतिशत रकम | जम्मा राख्नुपर्ने कार्यसम्पादन जमानत रकम | राखेको कार्यसम्पादन जमानत रकम | घटी कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|---|---|---|
| 2895429।81 | १८०९०४७।०१ | ९०४५२।३५ | ३२६०३४।१६ | ४१६४८६।५१ | ११२८७३ | ३०३६१४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **पूर्व निर्धारित क्षतिपूर्ति:**<br>सार्वजनिक खरिद नियमाली २०६४ को नियम १२१ मा सेवा प्रदायक वा निर्माण व्यवसायीको ढीलाइको कारणले खरिद सम्झौतामा तोकिएको म्याद मा सम्पन्न नभएमा १० प्रतिशतले नबढ्ने गरि प्रति दिन सम्झौताको ०.०५ प्रतिशतका दरले पुर्व निर्धारित क्षतिपुर्ति निर्माण व्यवसायिबाट लिनुपर्ने व्यवस्था छ। साथै सम्झौताको (जि.सि.सि) को परिभाषा खण्डमा मुल्य अभिवृद्धि कर समेतको रकम लाई सम्झौता रकम (Contract Price) भन्न् उल्लेख छ। कार्यालयले तपसिलका निर्माण सेवालाई पुर्व निर्धारित क्षतिपुर्ति असुल गराएको स्रेस्ता फाइल परिक्षण गर्दा देखिएको व्यहोरा यस प्रकार छ।कार्यालयले ठेक्का नं AKRM/CDHR/NCB/14/2075-076 को देउराली हिलेखर्क सडक निर्माण कार्यको निर्माण व्यवसायी सँग भएको सम्झौता अनुसार निर्माण कार्य २०७७।७।२५ मा सम्पन्न गर्नुपर्नेमा विलम्व गरेको छ।यस सम्बद्ध स्रेस्ता फाइल परिक्षण गर्दा निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७७।०७।२५ पश्चात म्याद थप नभएको र निर्माण व्यवसायीले २९ दिनले निर्माण कार्य विलम्व गरी २०७७।०८।२४ मा सम्पन्न भएको र अन्तिम बिल भुक्तानी माग भएको छ। यसरी विलम्व भएको २९ दिनको कार्यालयले सम्झौता अंक रु ३७३४६९८।६० को प्रति दिन ०.०५ प्रतिशत ले रु ५४१५४ पुर्व निर्धारित क्षतिपुर्ति कट्टा गर्नु पर्नेमा कट्टा नगरेकोले कट्टी नगरेको निर्माण व्यवसायी असुल गर्नु पर्ने रु | ५४,१५४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>ईटाँमा न्यून विजकिकरण:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा इट्टाको काममा खर्चका विल परिक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्युन मात्रामा विजक पेश गरेको देखियो। इट्टाको काममा जिल्ला दररेटमा मु अ कर सहित १६.७५ रहेको छ तर विजक परिक्षण गर्दा प्रति इट्टा जिल्ला दररेट भन्दा न्यून दर भित्र खरिद गरेको देखिएकोमा समेत रु १६.७५ को दरले मुल्यांकन गरी भुक्तानी दिएको छ। पालिकाले विल अनुसारको मुल्यांकन गरी न्युन विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा Bricks Masonryमा विलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु १२६९६४ बढि भुक्तानी भएको छ। साथै उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दरमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले बढि दरमा मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण कार्य</th><th>ब्रिक्स मेसिनरी कामको परिमाण<br>(घ. मि)</th><th>मुल्यांकन भएको ईटाँको संख्या</th><th>उपभोक्ता समितीले खरिद गरेको दर मु अ कर सहित</th><th>मुल्याङ्कन भएको इटाँको दर मु अ कर सहित</th><th>फरक परेको दर</th><th>वढी भुक्तानी मु अ कर सहित</th><th>बढि भुक्तानी मु अ कर</th></tr>
<tr><td>१३३</td><td>आधिमूल नेपाली कल्याण समाज भवन निर्माण</td><td>१२.१७</td><td>६४५०</td><td>७.९१</td><td>१६.७५</td><td>८.८४</td><td>५७०१८</td><td>६५६०</td></tr>
<tr><td>१४४</td><td>मिलनटार चिल्ड्रेन पार्क निर्माण</td><td>१०.९३</td><td>५७९९</td><td>८.४७५</td><td>१६.७५</td><td>८.२७५</td><td>४७९८७</td><td>५५२०</td></tr>
<tr><td>२४३</td><td>अलस्टर युवा क्लव भवन निर्माण</td><td>९.५९</td><td>५०८३</td><td>१२.४३</td><td>१६.७५</td><td>४.३२</td><td>२१९५९</td><td>२५२६</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td>१२६९६४</td><td>१४६०६</td></tr>
</table></td><td>१४,६०६</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७०</td><td></td><td></td><td>

**मृत्यू भएका व्यक्तीको भत्ता वैक निकासाः**

सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रथम तथा अन्तिम चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

<table>
<tr><th>लाभग्राहीको प्रकार</th><th>लाभग्राहीको नाम</th><th>वडा नं</th><th>मृत्यू मिति</th><th>पाउने रकम</th><th>निकासा रकम</th><th>वढी</th><th>निकासा चौमासिक</th></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>वेदनारायण श्रेष्ठ</td><td>३</td><td>२०७७।१२।२२</td><td>२२००</td><td>१२०००</td><td>९८००</td><td>तेस्रो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>दल बहादुर परियार</td><td>३</td><td>२०७७।९।२९</td><td>६०००</td><td>१२०००</td><td>६०००</td><td>दोस्रो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>दल बहादुर परयार</td><td>३</td><td>२०७७।९।२९</td><td>०</td><td>१७४१</td><td>१७४१</td><td>तेस्रो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>जालुमा गुरुङ्ग</td><td>५</td><td>२०७८।३।१</td><td>९१००</td><td>१२०००</td><td>२९००</td><td>तेस्रो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>राम बहादुर भुजेल</td><td>४</td><td>२०७७।०७।१२</td><td>१०२००</td><td>१२०००</td><td>१८००</td><td>पहिलो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>राम बहादुर भुजेल</td><td>४</td><td>२०७७।०७।१२</td><td>०</td><td>१३००</td><td>१३००</td><td>दोस्रो</td></tr>
<tr><td>ज्येष्ठ नागरिक</td><td>आस बहादुर गुरुङ्ग</td><td>६</td><td>२०७८।२।४</td><td>९३००</td><td>१२०००</td><td>२७००</td><td>तेस्रो</td></tr>
<tr><td colspan="4">जम्मा</td><td></td><td></td><td>२६२४१</td><td></td></tr>
</table>

</td><td>२६,२४१</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>

सम्परिक्षण

**अनुगमन तथा सम्परीक्षण**– स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । वाँकी वेरुजु समेत फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गर्नुपर्दछ । हालसम्मको कुल वेरुजुको स्थिति देहायअनुसार छः

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th><th>यो वर्षको बेरुजू(D)</th><th>संपरीक्षणबाट कायम बेरुजू(E)</th><th>अध्यावधिक बाँकी बेरुजू (F=C+D+E)</th></tr>
<tr><td>१०३९८९</td><td>१८२८२</td><td>८५७०७</td><td></td><td>०</td><td></td></tr>
</table>

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

<table>
<tr><td>२०७३।०७४</td><td>१।७</td><td>स्कारपियो पिकअप गाडीको जिन्सि दाखिला प्रमाण पेश भएको</td><td>३३८५०००</td></tr>
<tr><td>२०७४।०७५</td><td>३५</td><td>अगमराज उपाध्यायको पेश्की फछ्यौटको प्रमाण पेश भएको</td><td>२०००००</td></tr>
<tr><td>२०७४।०७५</td><td>५४</td><td>वडा समितिको बैठक भत्ता बुझेको</td><td>९१०००</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | भरपाई पेश भएको | | | |
| | | | | २०७४।७५ | ४१ | तलब भत्ता बढी भुक्तानी भएको भनि बेरुजु औल्याएकोमा छुट तलब एकमुष्ठ भुक्तानी भएको भनि बैंक स्टेटमेन्ट तथा करार सम्फौता पेश भएको । | ३५००० | | |
| | | | | २०७५।७६ | ५३ | धन बहादुर दर्लामि को पेश्की फछ्यौटको प्रमाण पेश भएको | ४०००० | | |
| | | | | २०७५।७६ | २८ | मौरिको घार वितरण रोशन केसि लाई बढि भुक्तानी भएको असुल गरि दाखिला भई आएको | ८६६०० | | |
| | | | | २०७६।०७७ | २७ | वृतचित्र प्रसारण गरेको विल भरपाई पेश भई आएको | १८०००० | | |
| | | | | २०७६।०७८ | ४४ | कानुन विपरित फरफारक समितिको भत्ता अनियमित देखिएको १०औं गाउँसभाको निर्णयबाट नियमित भई आएको | ४७३६५० | | |
| | | | | २०७६।७७ | ५० | नमुना विद्यालयको भौतिक पुर्वाधार निर्माण कार्यसम्पन्न पेश भएको | ६४००००० | | |
| | | | | २०७५।७६ | ४७।४ | विद्यार्थि संख्या एकन नभई पाठ्यपुस्तक निकासा भएकोमा १० औ गाउँसभा बाट नियमित भई आएको | १३४७३३५ | | |
| | | | | २०७४।७५ | ३५ | भिजन निर्माण सेवा को पेश्की फछ्यौट को प्रमाण पेश भएको | ४५०००० | | |
| | | | | २०७४।७५ | ३५ | भिजन निर्माण सेवा को पेश्की फछ्यौट को प्रमाण पेश भएको | ४५०००० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | २०७४।७५ | ३५ | सिजन कन्सट्रक्सन को पेश्की फछ्यौटको प्रमाण पेश भएको | ५००००० | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७४।७६ | ३५ | सिजन कन्सट्रक्सन को पेश्की फछ्यौटको प्रमाण पेश भएको | ५००००० | | |
| | | | | २०७६।७७ | ४९ | प्रस्तावित मा वि विद्यालयको तलब भत्ता भुक्तानि भएकोमा १० औ गाउँसभा बाट नियमित भई आएको | २४४००० | | |
| | | | | २०७५।७६ | ५३ | छिम्केश्वरी आ वि को कार्यसम्पन्न पेश भएको | १८००००० | | |
| | | | | २०७६।७७ | ५५ | लोटश निर्माण सेवाको पेश्की फछ्यौटको प्रमाण पेश भएको | ७००००० | | |
| | | | | २०७५।७६ | ५३ | चन्द्रेश्वरी आ वि को पेश्की फछ्यौटको प्रमाण पेश भएको | ७००००० | | |
| | | | | २०७५।७६ | ५३ | सुर्यदर्य आ वि को पेश्की फछ्यौटको प्रमाण पेश भएको | ७००००० | | |
| | | | | जम्मा | | | १८२८२५८५ | | |



https://nams.oag.gov.np